# चैनपुर नगरपालिका

## चैनपुर, सङ्खुवासभा

नगर प्रमुख कृष्ण कुमार तामाङद्वारा नगरपालिकाको ११ औं नगरसभामा प्रस्तुत गरिएको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम

*असार १०, २०७९*

# आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम

**सभा सदस्य ज्यूहरु,**

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई आत्मासाथ गर्दै स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै चैनपुर नगरबासिहरुको चाहानालाई मध्यनजर गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **गन्तव्यलाई** आत्मसात गर्दै चैनपुर नगरपालिकाले लिएको **"कृषि, पर्यटन र व्यापारः सुरक्षित समृद्ध नगरको आधार"** दीर्घकालिन सोच पूरा गर्नेतर्फ प्रतिवद्ध रही यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस महत्वपूर्ण घडीमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियहित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाको लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण व्यक्त गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुनः स्मरण गर्न चाहान्छु ।

चैनपुर नगरपलिकाको दिगो विकासको लागि नगरवासी आमाबुबा, दाजुभाई तथा दिदिबहिनीहरुले आफ्नो अमुल्य मत प्रदान गरी समृद्ध नगर निर्माणको लागि हामी निर्वाचित जनप्रतिनिधिहरुलाई दिनुभएको जिम्मेवारी प्रति हार्दिक आभार प्रकट गर्दै धन्यावाद ज्ञापन गर्दछु ।

विद्यमान अवस्थामा चैनपुर नगरपालिकामा क्रियासिल रहेका राजनैतिक दल, संघसस्था, वुद्धिजिवी र सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा नगरपालिका क्षेत्रभित्र विकास निर्माणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुमा संलग्न गरी विभेदरहित वातावरणमा चैनपुर नगरको विकास गर्ने प्रतिवद्धता गर्दछु ।

अहिले देश **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय अभिाराकासाथ विकास र समृद्धिका अग्रगामी अभियानमा अग्रसर भएकोले स्थायी शान्ति, स्थिरता, सुशासन र दिगो विकासका प्रतिफलहरु नगरवासाी सामु प्रस्तुत गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको यस सम्मानित सभा मार्फत जानकारी गराउन चाहान्छु ।

वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा यस चैनपुर नगरभित्र विभिन्न जातजाती धर्म सम्प्रदायका मानिसहरु फरक भौगोलिक धरातलमा बसोबास गरेको अवस्था छ । यसरी विभिन्न सम्प्रदाय र भौगोलिक धरातलमा वसोवास गर्ने मानिसहरुको चाहाना र समस्याहरु पनि फरक–फरक प्रकृतिका छन् । जस्तै कतै दालभातको मात्र माग छ भने कतै सडक खानेपानी, बिजुली, स्वास्थ्य र शिक्षाका समस्याहरुका सम्बोधनको खोजि छ भने अन्य वर्गहरुको मानिसहरु कृषि, ऐतिहासिक, पूरातत्वीक चीजलाई विकास गरि पर्यटनमा जोड्नु पर्छ भन्ने चाहाना छ । यस्ता विविध समस्याहरुको बावजुद सिमित स्रोत साधनहरुलाई प्रयोग गर्दै नगरको विकास गर्ने प्रयन्त पूर्ण नहुन

सक्छ । यद्यपि, हाम्रो संरचनागत, कानूनी र आर्थिक अवस्थाका आधारमा चैनपुर नगरपालिकाको वडा समितिहरु, विषयगत समितिहरु, बजेट तथा योजना तर्जुमा समितिको परामर्श समेतको आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहान्छु ।

यस नीति तथा कार्यक्रमको तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग सामन्जस्य हुने गरि कार्यक्रमहरुको तर्जुमा गरिएको छ । आ.व.२०७९।०८० को नीति तथा कार्यक्रमका साथै बजेट तर्जुमा गर्दा नेपाल सरकारको विश्व सामु सन् २०३० सम्ममा पूरा गर्ने गरि प्रतिवद्धता जाहेर गरेका १७ वटा लक्ष्यहरुलाई सहयोग पुग्ने गरि नीति तथा कार्यक्रमहरुतय गरेको यहाँहरु सामु अवगत गराउँन चाहान्छु ।

सभासदस्य महोदय,

अव म यस नगरपालिकाको आ.व.२०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, संघ तथा प्रदेशले जारी गरेका नीति,मापदण्ड तथा कानून, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन,२०७४ सार्वजनिक खरिद ऐन,२०६३, आर्थिक कार्यविधि तथा उत्तरदयित्व ऐन, २०७६, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिगदर्शन, दिगो विकासका लक्ष्यहरु राजस्व परामंश समितिको प्रतिवेदन, तीन वटै सरकारले गरेका प्रतिवद्धता सन्धि सम्झौता, बजेटको सिद्धान्त, उदेश्य र प्राथमिकता, बजेट तर्जुमाका विगतका परिपाटिहरु नीति तथा कार्यक्रम तर्जुमाका प्रमुख आधारहरु हुन । त्यसैगरि नियमावलीका प्रावधानहरु, स्थानीय तहका क्षेत्रगत नीति, पन्धौं पञ्च वर्षिय योजना, नगरपालिकाको एकिकृत नगर विकास योजना, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामायिक मुद्धाहरु दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, उर्जा संकटको व्यस्थापन लगायतका दस्तावेजले यो नीति तथा कार्यक्रम निर्माणको क्रममा मध्यनजर गरिएको छ । अन्य सम्बन्धित विषयगत नीतिहरु, निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषणापत्र तथा योजनाहरु, विभिन्न राजनैतिक दलहरु, संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाज, लक्षत वर्ग, शिक्षक बुद्धिजिवी लगायत सम्पूर्ण नगरबासी आमाबुबा, दाजुभाई तथा दिदिबहिनीहरु एवं संचार माध्यम, बौद्धिक वर्गहरुको राय, सल्लाह, सुझाव र अन्तरक्रिया कार्यक्रममा गरिएका प्रतिवद्धताहरुलाई नीति निर्माणको आधारको रुपमा लिएको छु ।

**अव म चैनपुर नगरपालिकाको दूरदष्टि तथा लक्ष्य प्रस्तुत गर्दछु**

## दूरदृष्टि (Vision) :

**“कृषि, पर्यटन र व्यापारः सुरक्षित समृद्ध नगरको आधार”**

## लक्ष्य (Mission) :

कृषि, उद्योग, पर्यटन र व्यापारको माध्यमबाट व्यापक रोजगारी श्रृजना गरी आगामी १३ बर्ष भित्र १ नं. प्रदेशको नमूना नगरपालिका वनाउने ।

**सभाध्यक्ष ज्यू**

आ.व. २०७९/०८० का लागि नीति तथा कार्यक्रमहरु :

अव म क्षेत्रगत विकासका नीतिहरु प्रस्तुत गर्न अनुमति चाहान्छु

**१. आर्थिक विकास**

**१.१.कृषि तथा पशु पंन्छीपालन**

- कृषि उत्पादनको व्यवसायीकरण विविधिकरण,गुणस्तर प्रवर्द्धन र ग्रामिण पूर्वाधारहरुको विकास र यन्त्रिकरण मार्फत उत्पादन र उत्पादकत्व गराई आय आर्जन र रोजगारीको अवसर वृद्धि गरि खाद्य तथा पोषण शुरक्षा सुनिश्चित तर्फ केन्द्रित गरिनेछ ।

- एक वडा एक प्राविधिक चिकित्सक वडा कार्यालयको मातहतमा रहने गरि निशुल्क सेवा उपलब्ध गराइनेछ । साथै नगरपालिका मातहतमा २ देखी ३ पशु सेवा प्राविधिक राखी निशुल्क सेवा उपलब्ध गरिनेछ ।

- निवार्हमुखि कृषि प्रणालिलाई व्यवसायिक एवं प्रतिस्प्रधात्मक कृषि प्रणालिमा रुपान्तरण गरि दिगो कृषि विकासको माध्यमबाट जिवनस्तरमा सुधार ल्याइनेछ ।

- उन्नत र गुणस्तरीय बिउविजनको सुरक्षा विषाधिको असरहरुलाई न्यूनिकरण गरिनेछ ।

- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रुपमा विकास गरी युवा वर्गहरुलाई व्यावसायिक कृषितर्फ आकर्षण गर्न प्रोत्साहित गर्दै गर्दै कृषि क्षेत्रको विकास गरिनेछ ।

- कृषि सूचना तथा तत्याङ्क संकलन र विश्लेषण प्रणालिलाई आधुनिकरण गदै समय अनुकुल कार्यक्रम तर्जुमा, अनुगमन तथा मुल्याङ्कन र अनुगमनलाई प्रभावकारी बनाईने छ ।

- नगदेवाली जस्तै उखु, अलैचि, रुद्राक्ष, सुन्तला, कफि, अदुवा, अम्लिसो खेतीलाई व्यवस्थित र प्रोत्साहित गरि कृषहरुलाई आत्मनिभर बनाईने छ ।

- खाद्यन्न चामल, दाल प्याज, लसुन मसलाजन्य आदिको स्थानीय उत्पादन जोड दिने ।

- खाद्यन्न बाली धान, मकै, गहुँ, कोदो, जस्ता खेती गर्ने कृषक वर्गहरुलाई उन्नत जातको बिउ बिजन उपलब्ध गरानुका साथै खाद्यन्न बालीमा रैथाने खेती बाली गर्ने कृषकहरुलाई थप प्रोत्साहन गरिनेछ ।

- जीवनाशक विषादि, एन्टिबायोटिक हर्मोनको सही उपयोग गर्न र यसका नकारात्मक असरबाट बच्न सचेतनामुलक कार्यक्रमहरु गरिनेछ ।

- कृषि भेटेरिनरीको संयुक्त कार्यदल बनाई सो कार्यदलले तयार गरेको अल्पकालिन, दिर्घकालिन योजना अनुसार कृषि तथा पशु क्षेत्रमा काम गरिनेछ ।

- "Four Pillars of livestock Sector, दुध, फलफुल, मासु र अण्डाबाट नगरलाई आत्मानिर्भर बनाई बजार व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।

- दुध उत्पादन करिडोरमा गाई/भैंसिमा प्रजनन् व्यवस्थापनका लागि कृत्रिम गर्भाधान सेवा संचालन गरिनेछ । भने यातायत असुविधा भएको स्थानमा एकिकृत रुपमा प्राकृतिक प्रजनन्को व्यवस्था मिलाईने छ ।

- एक वडा एक विशेषताको उत्पादन कार्यक्रममा विशेष जोड दिइने छ ।

- उत्पिडित तथा जनजातिहरुको बाहुल्यता रहेका बस्तिहरुमा मासु उत्पादनका लागि बंगुरपालन प्रवद्ध गर्ने सेवा विस्तार गर्दै लैजाने नीति लिइनेछ ।

- पशु स्वास्थ्य व्यवस्थापनका लागि पशुरोगहरु विरुद्ध खोप कार्यक्रम तथा पशु चिकित्सा सेवा साथै पुश शिविर सेवा विस्तार गर्दै लैजाने नीति लिइनेछ ।

- कृषि पेशालाई सम्मानित , मर्यादित र कृषकलाई आत्मानिर्भर बनाई पशुपालनमा आश्रीत

  जनताको जीवनस्तर सुधार गरिनेछ ।

- पशुपालन व्यवस्थित गर्न, व्यवसायिक फर्म प्रर्वद्धन, प्रविधि प्रयोग तथा यान्त्रिकरणलाई प्रोत्सान गर्ने नीति लिइनेछ ।

- रसायनिक मल तथा किटनाशक विषादीको प्रयोगलाई कम गर्न प्राङगरिक मल प्रयोगमा जोड दिदै Integrated paste Mangement (IPM) प्रणाली अबलम्बन गरिनेछ ।

- कृषक क्षमता विकास गर्न बिशेष तालिम तथा कृषि अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

- कृषि व्यवसाय प्रवर्द्धनका लागि युवालाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालन गरि युवालाई विदेश जान निरुत्साहित गरिनेछ ।

- परम्परा कृषि पेशालाई कम गरी आधुनिक यान्त्रिकरण तर्फ जोड दिइने छ ।

- विगत वर्ष देखि दिदै आएको पशु तथा कृषिका अनुदान कार्यक्रमहलाई निरन्तरता दिइने नीति लिइने छ ।

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत यस नगरपालिका संचालनमा रहेका पकेट तथा ब्लक विकास कार्यक्रमबाट कृषि क्षेत्रको विस्तार गरी उत्पादन वृद्धि गर्ने साथै कृषकहरुलाई रोजगारीको सिर्जना गर्ने नीति लिईनेछ ।

- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । साथै मल एवं बीउ वितरणमा विशेष अनुदानको व्यवस्था गरिने छ ।

- पशु नश्ल सुधारका लागि कृत्रिम गर्भधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घाँस खेतीका कार्यक्रम संचालन गरिने छ ।

- केन्द्र तथा प्रदेश सरकारको नीति अनुरुप कृषि खेती बिमा र पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकाबाट प्रोत्साहित गरिनेछ ।

- कृषि व्यवसाय प्रवर्द्धनकालागि युवालाई आकर्षित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरि युवालाई विदेश जान निरुत्साहित गरिने छ ।

- च्याउ खेती, वेमौसमी तरकारी खेती, अर्गानिक तरकारी खेतीमा विशेष जोड दिइने छ ।

- कफी, फलफूल, अलैंची खेती, माछापालक, वंगुर तथा माहुरीपालक कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु ल्याइने छ ।

**१.२.उद्योग तथा वाणिज्य**

- नगर क्षेत्रभित्र घरेलु तथा साना उद्योग स्थापनाका लागि उद्योग मैत्री नीति अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ । चिज, छुर्पी, कुराउनी, अल्लोको कपडा, हाते कागज, दानाबाट निर्मित झोला जस्ता उद्योग व्यवसायलाई विशेष प्राथमिकता दिइनेछ ।
- युवा लक्षित रोजगारमुलक तालिम संचालन गरिनेछ ।
- स्थानीय कृषि प्रशोधन तथा गैह्र काष्ठ वन पैदावर जन्य उद्योगहरुको पहिचान गरि कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ ।
- घरेलु तथा साना उद्योग, व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नवीकरण, खारेजी र नियमन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रको उपयुक्त स्थानमा उद्योग ग्राम स्थापना गर्नका लागि आवश्यक पर्ने जग्गा पहिचान र प्राप्ति गरिनेछ ।

- उद्योग, घर पसलबाट उत्सर्जित फोहोर व्यवस्थापन र वातावरणीय प्रदुषणका सम्बन्धमा ठोस कार्य गर्न प्रदुषण सम्बन्धी अध्ययन गरि विभिन्न गैह्र सरकारी संघ संस्थाको सहकार्यमा व्यवस्थापन कार्य गरिने छ ।
- जथाभावी अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकीनेछ ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत विपन्न तथा गरिवी परिवारहरुलाई सीपमूलक तालिम प्रदान गरि थप रोजगारीको सिर्जना गरिने छ ।

१.३.पर्यटन

- कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको विकास गरिने छ । नगर क्षेत्रमा रहेका ऐतिहासिक पर्यटकीय क्षेत्रहरु सिद्धकाली मन्दिर, वालेश्वर गुफा, बानेश्वर मन्दिर, बानेश्वर नागीडाँडा, थामपोखरी, गुफा पोखरी, सिद्धेश्वर गुफा, दिलेश्वर महादेव, भिरेश्वर गुफा, ताङलेवा झरना, मनोहर झरना तातोपानीको संरक्षण सम्बर्द्धन गरिनेछ ।
- चैनपुर नगरपालिकालाई प्रदेश नं. १ कै उत्कृष्ट पर्यटन केन्द्रको रुपमा विकास गर्नका लागि न.पा. भित्रका पर्यटकीय स्थलको पूर्वाधार विकास गरिनेछ ।
- पर्यटन क्षेत्रको संस्थागत विकास गर्नको लागि संस्थागत संरचना निर्माण गर्ने, पर्यटन सूचना केन्द्र स्थापना गर्ने, जातिय सांस्कृतिक तथा पुरातात्विक संग्राहलयहरु स्थापना र संचालन गरिनेछ ।
- पर्यटन क्षेत्रमा उत्कृष्ट सेवा प्रवाह गर्न होटल, यातायात लगायतका क्षेत्रमा जनशक्ति विकास गर्दै रोजगार वृद्धि गरिनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९ मा व्यवस्था भए अनुसार चैनपुर न.पा. वडा नं. १ अन्तरगत गुफापोखरी क्षेत्रलाई प्रदेश सरकारसंग समन्वय गरी पर्यटकी क्षेत्र घोषण गरिने छ
- चैनपुरको ऐतिहासिक मेजर पाटीलाई जिर्णोदार गरी संग्रहालयको रुपमा विकास गरिनेछ ।
- चैनपुर जिरो प्याइन्टमा निर्माणधिन करुवापार्क योजनालाई सम्पन्न गरिने छ ।
- नगर क्षेत्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको विकास गरिनेछ ।

१.४ सहकारी

- सहकारीको प्रभावकारी नियमित तथा सघनरुपमा अनुगमन गरि निमन गरिनेछ ।
- सहकारी संस्थाको अध्यक्ष, व्यवस्थापक तथा कार्यरत जनशक्तिको क्षमता विकास तथा सहकारी लेखापाल सम्बन्धी प्रभावकारी तालिम कायक्रम ल्याइनेछ ।
- सहकारी मार्फत कृषि उत्पादन र बजारीकरणमा प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषिमा लगानीमैत्री वातावरण सृजना गरिनेछ ।

- सहकारी संस्थाहरुको संस्थागत विकासका लागि सहकारी तथा गरिबि व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारीहरुलाई आबद्ध गरिनेछ ।
- सहकारी संस्थाका प्रतिनिधिहरुसंगको समन्वयमा सहकारी सम्बन्धी विकास अनुभव संग सम्बन्धित अध्ययन अवलोकन गरी सहकारी संस्थहरुको संस्थागत सुधार गरिनेछ ।
- चैनपुर नगरपालिका मातहतका सम्पूर्ण सहकारी संस्थाहरुको एकीकृत तत्थ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरिनेछ ।

**१.५.वित्तीय क्षेत्र**

- नगरपालिका क्षेत्र भित्र स्थापना भएका बैंक तथा वित्तीय संस्थाहरु तथा सहकारी संस्थाहरुसँग सहकार्य गरिने छ ।

### १.५.१.बजेट तथा स्रोत परिचालन

- विकास निर्माणका कार्यमा समस्या भएमा नगर प्रमुखको संयोजकत्वमा गठित नगरस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट निर्णय गरिने छ।
- नगरपालिकाबाट राजश्वको नयाँ श्रोत पहिचान र दायरा विस्तार गरी त्यसको सदुपयोग हुने गरी अधिकतम परिचालन गरिने छ।

### १.५.२.राजस्व नीति तथा वित्तीय व्यवस्थापन

- नगरपालिकाको आन्तरिक आय मुख्य स्रोत राजश्व संकलन भएको हुँदा करको दायारामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करकोदायरामा ल्याईनेछ।
- आय श्रोत पहिचान र परिचालनका लागि नगरपालिकाको राजश्व सुधार कार्ययोजना बमोजिम कार्य गरिनेछ।
- करको दरलाई वृद्धि गर्ने कार्यको सट्टा करको दायरालाई फराकिलो बनाई नागरिक मैत्री कर नीति बनाइनेछ।
- समयमा कर तिर्ने नागरिकहरुलाई कर छुट दिने व्यवस्था मिलाइने छ।
- कर प्रणालीलाई सरल सहज र पारदर्शी बनाउन सम्भव भएसम्म घरमै बसि राजश्व तिर्न सक्ने सिस्टमको विकास गरिनेछ ।
- नगरपालिका क्षेत्रमा संचालित ब्यवसायहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालय तथा विभिन्न निकायहरुले कारोवार गर्दा नगरपालिकामा ब्यवसाय दर्ता नभए कारोवार नगर्ने/नगराउने नीति अवलम्बन गरिनेछ।
- करको दायरामा परी कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत हुनेव्यवस्था मिलाईनेछ।

### १.५.३.रोजगार तथा वजार व्यवस्थापन

- **"कृषि उद्योग पर्यटन र व्यापार सुरक्षित समृद्ध शहरको आधार"**भन्ने नाराकासाथ कृषि पर्यटन र व्यापारको क्षेत्रमा रोजगारीका अवसरहरु श्रृजना गर्न बिशेष कार्यक्रमहरु सञ्चालन गरिने छ। कृषिजन्य, हस्तकला तथा घरेलु उद्योगबाट उत्पादित वस्तुहरुलाई स्थानीय ब्राण्ड सहित बजार व्यवस्थापनमा नगरपालिकाले सहयोग गर्ने छ।
- स्वरोजगार र बेरोजगारहरुको तत्थ्याङ्क संकलन गरि अवस्था बिश्लेषण गरेर वेरोजगार व्यक्तिहरुको लागि क्षमता विकास क्षमता विकास कार्यक्रम तय गरि स्वरोजगार बनाइने छ।
- रोजगार सेवा केन्द्र र रोजगार व्यवस्थापन सूचना प्रणाली संचालनमा ल्याइने छ। नगरपालिकाले नगर क्षेत्रभित्रका बेरोजागरहरुको नामवाली संकलन गरि रोजगारीको अवसर प्रदान गर्ने व्यवस्था मिलाईन छ।

## २. सामाजिक विकास

### २.१.शिक्षा

- नेपाल सरकारले कक्षा ६ सम्मका लागि बालबालिकाहरुलाई प्रतिवेदन  दिवा खाजा बापत दैनिक रु. १५ का दरले उपलब्ध गराउँदै आएकोमा  उक्त १५ रुपैँया हालको दिनमा बढ्दो महंगीमा अत्यान्त न्यून रकम भएकोले खाजा गुणस्तरलाई कायम गर्न नगरपालिकाको आन्तरिक  स्रोतबाट व्ययभारहुने गरी रु ५ थप गरी प्रतिदिन दिवा खाजा रु. २० कायम गरिनेछ ।
- विद्यायलय पहिचान कार्यक्रम अर्न्तगत School color code अनुसार विद्यायलयहरु रङ्ग रोगन गरी विद्यालयलाई पहिचान योग्य बनाइने छ ।
- प्रविधि मेत्री विद्यालय निर्माण गरिने नीति लिइनेछ ।
- विद्यायलय भर्ना अभियान कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०७९/८० मा प्रभावकारी भर्ना अभियान मार्फत विद्यालय उमेर समूहका  शतप्रतिशत बालबालिका  विद्यालय पहुँचमा ल्याइने छ ।
- विज्ञान विषयमा प्रयोगात्मक शिप  विकासका लागि विज्ञान प्रयोगशालाको क्षमता विकास गरिने छ ।
- विद्यालयमा बालबालिकाको स्वस्थ्य अवस्थाको नियमित चेक जाँच गर्न स्वास्थ्य शाखाको समन्वयमा कार्य अगाडी बढाइने छ ।
- विद्यालय खेलकुद विकासका निमित्त विभिन्न संघसस्थाहरुको समन्वयमा खेलकुदका कार्यक्रम संचालन गरिने छ।
- राष्ट्रपती रनिङ सिल्ड प्रतियोगिताका सबै खेल इभेन्टहरुमा विद्यार्थी सहभागीता बृद्धि गरिने छ ।
- बलकक्षा व्यवस्थापन अन्गर्तत कक्षाकोठा बालमैत्री बनाउनका साथै बालकक्षाका भित्ताहरुमा शिकाईका बिषयबस्तुहरु पेन्टिङ गर्ने ब्यवस्था गरिने छ् ।
- शिक्षण शिकाई  कार्यमा निरन्तर उत्प्रेरणा र पृष्ठपोषण दिने विज्ञ सहितको कक्षाकोठा अवलोकन गर्ने व्यवस्था मिलाइने छ।
- शैक्षिक सामाग्री  निर्माण सप्ताह आयोजना गरेर स्थानीय स्तरमा उपलब्ध हुने मुल्य नपर्ने (no cost) , न्यून मूल्यका (low cost), शिक्षक निर्मित  (teacher made) विद्यार्थी निर्मित (student made) र  Digital शैक्षिक सामग्री  निर्माणमा  विद्यालयहरुलाई  प्रोत्साहित गरि वर्षभरिका लागि शैक्षिक सामग्री निर्माण  र प्रयोगको ब्यवस्था पुर्याइने  छ ।
- माध्यमिक विद्यालयहरुमा सि सि टि भि जडान गरि Distance Monitoring को ब्यवस्था मिलाईने छ ।
- विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावकसंगको क्षमता अभिबृद्धिका निमित्त अन्तरक्रिया  एवं कार्यशालाहरु  आयोजना गरिने छ ।

- विद्यालयहरुको शैक्षिक एवं व्यवस्थापकीय समस्या समाधानका निमित्त नियमित अनुगमन गरी परापर्श दिने व्यवस्था मिलाईने छ।
- विद्यालयका प्र.अ. एवं कर्मचारीलाई कम्प्युटर तालिम दिने व्यवस्था मिलाईने छ ।
- विद्यालयका प्र.अ। हरु संग निमित बैठक गरि विद्यालयहरुको चुनौति, समस्या र गुनासाहरु सम्बोधन गर्ने व्यवस्था मिलाइने छ।
- मेयर शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक एवं प्राविधिक क्षेत्रको पहुँचका निमित्त कार्यक्रमहरु ल्याइनका साथै उच्च शिक्षा छात्रबृत्ति उपलब्ध गराइने छ ।
- अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुलाई आकर्षित गर्न नगर स्तरीय प्रतिभा पहिचान कार्यक्रमहरु आयोजना गरिने छ।
- विभिन्न दिवश तथा समारोहरुको महत्व पुष्टि गर्ने उदेश्यले विद्यालयहरुलाई दिवश तथा समारोहहरुमा सहभागी हुन प्रोत्साहित गरिने छ ।
- विद्यालय विपत व्यवस्थापन अन्तर्गत वैकल्पिक सिकाईमा जोड दिइने  छ ।
- शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइने छ ।
- विद्यालयहरुमा शिक्षक दरबन्दी अभाव न्यून गर्न नगारपालिकाबाट विद्यालयहरुलाई दिइदै आएको दरबन्दी एवं अनुदानलाई निरान्तरता दिइने छ।
- नगरपालिका भित्रका विद्यालयहरुको बार्षिक परीक्षामा एकरुपता ल्याइने छ ।
- यूवा प्रतिभा प्रष्फूटनका लागि यूवा लक्षित कार्यक्रम ल्याइने छ ।
- खेलकुद विकासका लागि चैनपुर नगरस्तरीय भलिबल प्रतियोगिता  आयोजना गरिने  छ ।
- जिज्ञासु एंव सिर्जनशिल युवा पाठकहरुका लागि लक्षित गरेर चैनपुर सार्वजनिक पुस्ताकालय  स्थापना गरि  सिकाई संस्कार  (Learning Culture ) तयार गर्ने कार्यको थालनि गरिने छ ।
- चैनपुर नगरपालिकामा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरुको क्षमता बृद्धिका निमित्त सहजिकरण गरिने छ ।

## २.२.स्वास्थ्य

- नगरपालिका भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा न्यूनतम भौतिक पूर्वाधार   सहितका सामग्रीहरु व्यवस्था गरिनेछ ।
- ग्रामिण अल्ट्रासाउण्ड सेवा कार्यक्रमलाई सुदृढिकरण गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्यमसेविका कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिलाई सुधार गर्न विद्यालय पोषण तथा स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ ।

- पूर्ण खोप सुनिश्चितता कार्यक्रमको निरन्तरताका लागि आवश्यक कार्यहरु गरिने छ ।
- शारिरिक स्वास्थ्य अवस्थाको  सुरक्षाका साथै समाजिक र मानसिक स्वास्थ्यलाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई प्रोत्साहित गरिने छ ।
- निःशुल्क स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधीको पर्याप्त व्यवस्था गरिने छ ।
- रोगहरुबाट बाँच्नकालागि प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- क्षयरोग, एच.आई भी. एड्स लगायतका सरुवा रोगका विरामीहरु पहिचान गरी त्यस्ता विरामीहरुलाई व्यवस्थित गरिने कार्यक्रम सञ्चालन गरिने छ ।
- मृगौला र क्यान्सरका विरामीलाई सरकारी मान्यता प्राप्त डाक्टरले प्रमाणित गरेको कागजातका आधारमा एक पटकका लागि गरिने सहयोगलाई निरन्तरता दिइने छ । साथै मुटुका विरामीलाई पनि मिगौला र क्यान्सरका विरामी सरह सहयोग गरिने छ निरन्तरता दिइने छ ।
- प्रजनन् स्वास्थ्य तथा स्वस्थ शिशु जन्मन पाउने अधिकारलाई सुनिश्चित गर्न गर्भ परिक्षण चक्र र स्वास्थ्य केन्द्रमा मात्र प्रसुती गर्न गराउन थप प्रोत्साहन गरिनेछ ।
- चैनपुर नगरपालिका भरि दीर्घरोगीहरुलाई स्वास्थ्य संस्थाको प्रमाणित कागजको आधारमा निःशूल्क औषधी वितरण कार्यक्रम ल्याइने छ ।
- ९० वर्ष भन्दा माथिका वृद्ध वृद्धालाई दीर्घ रोग लागेको अवस्थामा वार्षिक रु.५०००। र सामान्य रोग लागेमा अस्पताल, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीमा लागेको उपचार खर्च प्रमाणित बिलको आधारमा ५० प्रतिशत सम्म सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
- उपप्रमुख सुत्केरी भटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- नगर क्षेत्रका तीन वटा बजारमा योग शिविर संचालन गरिने छ ।
- नगर क्षेत्रका गाउँ बस्तिहरुमा स्वास्थ्य चेकजाचको लागि घुम्तिसेवा सञ्चालनमा ल्याइनेछ ।
- आयुर्वेदिक, युनानी, होमियोप्याथी एवं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन अपनाउन प्रेरित गरिनेछ । सबै नगरबासीहरुको सुविधालाई मध्यनजगर गरि व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न पहल गरिने छ ।
- समुदाय स्तरमा नसर्ने रोग तथा अन्य रोगको पहिचान गरी उपचार तथा व्यबस्थापन गरिने छ ।
- गर्भवती महिलाहरुको भिडियो एक्स रे र ल्याब जाँचको निशुल्क सेवालाई निरन्तरता दिईने छ ।

### २.३.खानेपानी तथा सरसफाई

- वृहत खानेपानी र पुरानो खानेपानी योजना व्यवस्थित गरी खानेपानी वितरण गर्न गठित कार्यदले प्रतिवेदन पेश गरे पश्चात सो को आधारमा  एक घर एक धारा खानेपानीको व्यवस्था गरिनेछ ।
- पुराना खानेपानी उपभोक्ता समिति तथा नया गठित खानेपानी उपभोक्ता समतिको भौतिकसंरचना र खानेपानीको वितरण अवस्थालाई नियमन र अवलोकन गरिनेछ ।
- नगर सरसफाई अभियान सञ्चालन गर्दै फोहोर व्यवस्थापनमा जोड दिइनेछ ।
- नगर क्षेत्र भित्रका विद्यालय,सार्वजनिक स्थान/चौकहरुमा खानेपानी खानेपानी सहतिको  धारा जडान गर्ने एवं सार्वजनिक शौचालयहरुको निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

### २.४.संस्कृति प्रवर्द्धन

- **"सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान"** भन्ने नारालाई स्थापित गरी स्थानीय सबै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन र विकास गर्दै लैजाने नीति अबलम्बन गरिनेछ ।
- ऐतिहासिक धार्मिक क्षेत्र सिद्धकाली र नयाँ गन्तव्यको सूचीमा परेको वालेश्वर गुफालाई सञ्चालन व्यवस्थापन गर्नका लागि विधान तयार गरी विकास समितिमा दर्ता गरिने छ साथै सिद्धकाली मन्दिरको पूजा विधिलाई व्यवस्थित, नियमित गर्ने र सरसफाई गर्न मालिको व्यवस्था गरिने छ साथै आर्थिक एवं भौतिक व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याइने छ  ।
- परम्परागत रुपमा चलि आएका श्रीकृष्ण जन्माष्टमी, वुद्ध जयन्ती,दशैं, दीपावली, उधौली उभौली,ल्होसार, छठ, पर्वको सञ्चालन, बालाचतुदर्शी मेला, जात्रा पर्वलाई व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।
- सांस्कृतिक परम्परा बमोजिम मनाइने सबै जातजातिका पर्वहरुलाई व्यवस्थित गरिनेछ र नगर भित्र रहेका धार्मिक मठ मन्दिर, गुम्वाको अभिलेख तयार गरी आवश्यक मर्मत-सम्भार, सुधार तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिईनेछ ।
- अल्पसंख्यक जातजाती र भाषाभाषीको भाषा संस्कृति र ललितकलालाई संरक्षण गर्नका लागि विशेष नीति योजना बनाई साँस्कृतिक संग्रहालय निर्माणको पहल गरिनेछ ।
- समाजका लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रबर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ ।
- पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ । चैनपुरमा भेटिएका पुराना मल्ल कालीन इटाहरुको संरक्षण तथा मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइने छ ।

### २.५.युवा, खेलकुद तथा मनोरञ्जन

- "**खेलकुद विकासमा समयदान, प्रत्येक वडामा खेलमैदान**", कार्यक्रम अन्तरगत स्थानीय समुदायको सहभागितामा प्रत्येक वडामा १ वटा वडा स्तरिय खेलमैदान निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुदप्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामाग्री खरीद तथा खेल मैदानको स्तरोन्नती गर्न सहयोग गरिनेछ
- युवा जनशक्ति समाज बिकासको मेरुदण्ड भएकोले विकास निर्माण, आर्थिक उन्नती, कृषि उत्पादन र सामाजिक परिचालनमा नगरपालिकाका ११ वटै वडामा खेलकुद सम्बन्धित युवा क्लब गठन गर्न प्रोत्साहन गरिनेछ । ती युवा क्लबहरुलाई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाको सहभागिता सहितको कार्यक्रम परिचालनमा प्राथमिकता दिइनेछ ।
- नगरपालिकाको स्वीकृतीमा आयोजना हुने वडा स्तरीय फुटबल प्रतियोगिता र अन्य खेलकुद प्रतियोगिता सञ्चालनका लागि सहयोग गरिने छ ।

### २.६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने विभेदजन्य कार्यहरुको अन्त्य गर्नका लागि आवश्यक कानुनको निमार्ण तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिला, बालबालिका, दलित , अपांङ्गता भएका व्यक्ति एवं लैंङ्गिक तथा यौनिक अल्पसंख्यकका हित संरक्षण र समस्याहरुको पहिचान गरि आयआर्जनमुलक क्षेत्रहरुमा लगानी गर्नका लागि प्रोत्साहन गर्न सिपमुलक तालिमहरु संचालन गरिनेछ ।
- महिला कर्मचारी र जनप्रतिनीधीको क्षमता विकास सम्बन्धी तालिम संचालन गरिने छ ।
- महिला उद्यमशीलता क्षमता बिकास, व्यवसाय स्थापना तथा बजारीकरणमा सहयोग गरी जीविकोपार्जन सुधार तथा रोजगार प्रबर्द्दन गरिनेछ ।
- सामाजिक विभेद छुवाछुतलाई अन्त्य गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको अरु समान बाच्न पाउने अधिकारको रक्षाको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गरिने छ ।
- समतामूलक समाजको निर्माणका लागि समाजमा हुने सवै खाले हिंसाका घटनाहरुलाई न्युनीकरण गर्न तथा सुरक्षित महिलामैत्री नगर क्षेत्रको रुपमा विकास गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- **विपन्न परिवार आवास कार्यक्रम** मार्फत जग्गा विहिन तथा जोखिममा परेका नगरबासीहरुको व्यवस्थित बसोवासको लागि एकिकृत बस्ती निर्माणको थालनी गरिनेछ ।

- नगर क्षेत्रभित्रका विपन्न तथा एकल महिलाहरुलाई सफल उद्यमी बन्न ज्ञान सिप प्रदान गर्ने प्रदेश सरकारसँग समन्वय गरी साझेदारीमा आयआर्जमुलक कार्य गर्न प्रोत्साहन गरीनेछ ।
- जेष्ठ नागरिक अनुभवका खानी तथा सदैव श्रद्धाका धरोहर हुने भएकोले उहाँहरुको सम्मानमा सुविधाजनक जेष्ठ नागरिक भेटघाट चौतारी निर्माण गरिनेछ । यसलाई आवश्यकताका आधारमा थप विस्तार गरिनेछ । ९० वर्ष पुगेका ज्येष्ठ नागरिकहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाका विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैगिक मूलप्रवाहीकरण र सामाजिक समावेसीकरणका लागि सहयोगी हुने खालका विभिन्न तालिम अन्तरक्रिया तथा उपयोगी कार्यक्रमहरु तयार गरी सञ्चालन गरिने छ  र साथै मैहिला मैत्री नगर बनाउने योजना लिइने छ ।
- आदिवासी जनजाती,महिला, वालवालिका, जेष्ठ नागरिक, उत्पिडित, अपाङ्ग, लक्षित वर्ग र समूह एवं समूदायका व्यक्तिहरुको लगत संकलनको आधारमा विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग लगायतको परिचय पत्र सरल र सहज किसिमले वितरण गरिने छ
- नगरपालिकालाई बालमैत्री नगर बनाई भावि पुस्तासँग ज्ञान साटासाट कार्यक्रम लागु गरिनेछ ।

### २.६.१.गैह्र सरकारी संघ संस्था

- नगर भित्र कार्यक्षेत्र भएका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुलाई नगरपालिकामा सुचीकृत गरि आपसी समन्वयमा योजना तथा कार्यक्रम संचालनगरिने छ ।

## ३. पूर्वाधार विकास

### ३.१. सडक तथा पुल

- आ.व ०७९/८० को प्रथम चौमासिक अवधि भित्र नगरको पञ्च वर्षिय आवधिक योजना र  नगर सडक गुरुयोजना (MTMP) बनाइने छ ।
- नगरको लगानीबाट निर्माण सुधार हुने सडकहरुको चौडाई नेपाल सरकारले तोकेको मापदण्ड, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ अनुसार निर्माण गर्ने व्यवस्था कायम राखिनेछ ।
- उत्पादन, उत्खनन्, प्रशोधन तथा वितरणले मात्र समृद्धि ल्याउँछ भन्ने बोध गराउन विभिन्न उत्प्रेरणामुखी  तालिम तथा अन्तरकृया कार्यक्रम विज्ञ व्यक्तिहरु ल्याई गरिनेछ ।
- खराङ हात्तीसुडे सडकलाई सहिदमार्ग  नामकरण गरी तिव्र गतिमा सडक कालोपत्रे गर्ने काम सम्पन्न गरिनेछ ।
- निर्माण शुरु भई सम्पन्न हुन नसकेका सडक योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने नीति लिइनेछ । साथै आवश्यकता पहिचानको आधारमा मात्र ट्र्याक ओपनको कार्य अगाडी बढाईने छ ।

- नगर क्षेत्र भित्रका सडकहरुको चौडाई तथा घुम्ती मोडहरु फराकिलो र स्तरोन्नति गर्न पहल गरिने छ ।
- हरित र वाताबरण मैत्री सडक निर्माणलाई अगाडी बढाईनेछ ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गरी नियमित अनुगमन तथा नियमन गरिनेछ ।
- नयाँ  बन्ने सडकहरुलाई ६ मिटर भन्दा कम चौडाइ भएमा नगरपालिकाबाट लगानी नगर्ने नीति लिइने छ ।
- पूर्वाधार निर्माणका काम गर्दा वातावरणको संरक्षण र सन्तुलनलाई गम्भिर ध्यान दिइनेछ

### ३.२ सिंचाइ

- नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक पहल गरिनेछ
- सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण गरी सिँचाई गुरुयोजनाको निर्माण, कार्यान्वयन र स्तरोन्नतिको लागि कार्य अगाडी बढाइनेछ ।
- सामूहिक तथा व्यक्तिगत फर्म खोली वेमौसमी तरकारी खेती गर्ने कृषकहरुलाई सिंचाईको व्यवस्था गर्ने नीति लिइने छ ।

### ३.३. भवन तथा शहरी विकास

- नगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन गर्दा नगरविकास योजना राष्ट्रिय भवन संहिता भित्र रहि गरिने छ ।  साथै निकट भविष्यमा भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्रशासनिक कार्यलाई प्रभावकारी बनाउन सबै वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई संघिय सरकार तथा प्रदेश सरकारको समन्वयमा  अगाडी बढाइने छ ।
- New Village Development कार्यक्रम मार्फत चैनपुर नगरपालिका क्षेत्र सुविधा सम्पन्न गाउँ तथा एकिकृत बस्ती विकास कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा महिलामैत्री, वालवालिका मैत्री, अपाङ्ग मैत्री जेष्ठ नागरिक मैत्री र वातावरणमैत्री हुने गरी निर्माण गरिने छ।
- एकीकृत नगर विकास योजना बमोजिम ३ बर्षे रणनीतिक योजना र सोही योजनाका आधारमा आवधिक योजना निर्माण गरिनेछ ।
- फुसको छानामुक्त नगरपालिका निर्माणका लागि निरन्तरता दिइनेछ ।
- नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी प्रर्ति जग्गाको एकिकृत लगत तयार गरिने छ सो कार्यको लागि एक समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ । साथै त्यस्तो जग्गाको नगरपालिकाबाट सार्वजनिक उपयोग गर्ने नीति लिइने छ ।

### ३.४.उर्जा, लघु तथा साना जलविद्युत

- नगरपालिका भित्रका सडकका मुख्य भागहरुमा, चोकमा सडक वत्तीको व्यवस्था गरिने छ र जडान भएका सडक वत्ती मर्मत सम्भार गरिनेछ ।
- चैनपुर नगरका ३ वटै शहरमा सडकबत्ती तथा सी.सी. क्यामेराको व्यवस्थित गरि बजारलाई सुरक्षित बनाउने कार्यलाई निरन्तरता दिइने छ ।
- बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गर्न नीजि क्षेत्र तथा गैह्रसरकारी सँघसंस्थासँग आवश्यक समन्वय गर्ने कार्यक्रम तय गरिनेछ ।
- विद्युत् प्राधिकरण कार्यालयसँग समन्वय गरी विपन्न तथा दलित परिवारहरुलाई निःशूल्क मिटर तथा तार वितरणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

### ३.५ सूचना तथा सञ्चार प्रविधि

- नगरपालिका तथा वडा कार्यालयहरुको सूचना संप्रेषणका लागि नगर कार्यपालिकाको कार्यालयमा सूचना अधिकारी तथा सहायक सूचना अधिकारी एवं नगर कार्यपालिकाको प्रवक्ताको व्यवस्थालाई निरन्तरता दिदै वडा कार्यालयमा पनि वडा समितिको १ जना सदस्यलाई प्रवक्ता र वडा सचिवलाई सूचना अधिकारी तोकिने छ ।
- नगर कार्यपालिकामा छुट्टै शाखाकोरुपमा रहने गरी सूचना केन्द्रको व्यवस्था गरिनेछ । जहाँ नगरपालिकासँग सम्बन्धित सूचना तथा अभिलेख र खोज अनुसन्धानका स्रोत सामाग्रीहरुलाई संग्रहको रुपमा व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडा कार्यालयमा टेलिफोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित तथा छिटो गर्न इन्टरनेट प्रोभाइडरसँगको समन्वयमा .फाइबर सहतिको गुणस्तर इन्टरनेट सेवाको व्यवस्थापन गरिनेछ ।
- सरकार र नागरिक (G2C) का विचमा आदान प्रदान गरिने सेवा सुविधाहरु, सरकार र व्यवसायी (G2B) बिचका सेवाहरु र सरकार र सरकार (G2G)बीचका सेवाहरुको प्रवाह र सञ्चालनमा सूचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।
- नगरपालिकाको वेभसाइट अद्यावधिक र व्यवस्थित गरिने छ ।
- डिजिटल सूचना पाटी र इ-हाँजिरीलाई व्यवस्थित गरिने छ ।
- सेवाग्राहीले तिरेको बिलको रकम सम्बन्धित व्यक्तिको मोवाइलमा **Message** जाने व्यवस्था कायम राखिने छ ।
- महत्वपूर्ण हस्तलिखित सामग्रीलाई डिजिटाइज्ड गरि नगरपालिकाको सूचना केन्द्रमा राखिनेछ ।
- सामुहिक एस एम एस प्रणालीको उपयोग, नगरपालिकाको फेशबुक पेज र वेभसाइटमा नगरपालिकाको गतिविधि र सूचनाहरु अद्यावधिक गरिने छ ।

- नगरपालिकालाई प्रविधिमैत्री बनाउन आवश्यक र उपयुक्त सफ्टवेयरहरु जडान गरी दैनिक प्रशासकीय कार्यलाई छिटो छरितो र सहज बनाइ विद्युतिय शुसासन कायम गरिनेछ ।
- वेभ प्रणालीमा आधारित नगर प्रोफायल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

**४.वातावरण तथा विपद् व्यवस्थापन**

**४.१. वन तथा भु-संरक्षण**

- वन क्षेत्रमा कार्यरत निकायहरुसँगको सहकार्यमा बृक्षारोपण, संरक्षण कार्य गरिनेछ ।
- व्यक्ति वा संस्थाको  निजी जग्गामा नर्सरी गरी वृक्षरोपण गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक वन विकास कार्यक्रमलाई आवश्यक सहयोग गरिने छ ।
- नगरपालिकामा रहेका सवै सामुदायिक वनहरुमा वन जगेर्ना तथा घाँस जडिवुटी जन्य प्रजातीका वृक्षरोपण कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समितिको साझेदारीमा ठुला वनहरुको EIA कार्य गर्न आवश्यक पहल गरिने छ ।
- सामुदायिक वनहरुको नक्सा एकिन गरि वन क्षेत्रको सीमाङ्कन गरिने छ ।

**४.२. जलाधार संरक्षण**

- नगरपालिका भित्रका विभिन्न झरना, पोखरी तालतलैयाहरु, प्राकृतिक पानीका श्रोतहरु र सिमसार क्षेत्रहरुको पहिचान र संरक्षण गरिनेछ ।
- जलाधार क्षेत्रमा पुर्वाधार विकासका कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ ।

**४.३. वातावरण संरक्षण, जलवायु परिवर्तन र ढल व्यवस्थापन**

**४.३.१.फोहोरमैला व्यवस्थापन**

- जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम एवं तालिम कार्यक्रम मार्फत फोहोर व्यवस्थापनमा स्थानीय सहभागिता सुनिश्चित गरिने छ ।
- चैनपुरको लागि चैनपुरमा, पोखरीको लागि पोखरमा र खराङको लागि खराङ मै ल्याण्ड फिल्ड साईड निर्माण गरिनेछ ।
- **“नगरवासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध चैनपुर नगर”** भन्ने नारालाई सार्थक बनाउन नगरपालिकाको स्वामित्वमा रहने गरी फोहोर व्यवस्थापन केन्द्र पहिचान, प्राप्ति र विकास गरी व्यवस्थित ल्याण्ड फिल्ड साइडको व्यवस्थापन गरी पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न गुरु योजना तयार गरिने छ ।

- घर घरवाट फोहोर उठाउँदा सुरु मै अनिवार्य रुपमा कुहिने र नकुहिने फोहर वर्गीकरण गरि अलग अलग रुपमा संकलन तथा व्यवस्थापन कार्यलाई प्राथमिकीकरण गरि फोहोर मैला व्यवस्थापन ऐनको आधारमा जथाभावी फोहोर गर्नेलाई दण्ड जरिवाना समेतको नीतिलाई निरन्नतरता दिईने छ ।
- प्लाष्टिक, बोतल तथा टिनका डब्बाको कारण हुने समस्याहरुलाई समाधानका लागि त्यस्ता बस्तुको विक्री वितरण गर्ने डिलरसँग विकल्पहरु खोजी  गर्ने नीति लिइनेछ ।

**४.४. जलवायु परिवर्तन तथा वातावरण संरक्षण**

- जलवायु परिवर्तनले पार्ने असरको वारेमा जानकारीमुलक सचेतना कार्यक्रम सरोकारवाला निकाय, गैसस तथा अन्य विकास साझेदार संस्थाको सहकार्यमा गर्ने नीति अवलम्वन गरिनेछ ।
- वातावरणमैत्री नगर निर्माणका लागि वृक्षरोपण कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- वातावरण संरक्षणकालागि फोहोर मैला व्यवस्थापनगरिनेछ ।

**४.५.नगरको सौन्दर्यताको संरक्षण तथा विकास**

- नगरको सौन्दर्यताको संरक्षण तथा विकासका लागि दाह्रेगौडा, बानेश्वर नागीडाँडा, सिद्धकाली, खराङ्ग, नूनढाकी क्षेत्रमा स्थानीय जनताको माग र लागत सहभागिताको आधारमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आवश्यकता अनुसार ढल तथा नाला सफाई कार्य समय समयमा सम्पन्न गरिनेछ । नगर सरसफाई तथा सौन्दर्य संरक्षणका लागि स्थानीय संघ संस्थाहरुलाई जिम्मेवार र जागरुक बनाइनेछ ।

**४.६. जलउत्पन्न प्रकोप नियन्त्रण**

नगर क्षेत्र भित्र हुन सक्ने तथा सम्भावित विपदको म्यापिङ गरी जल उत्पन्न प्रकोप नियन्त्रण गर्न यस नगरपालिका क्षेत्र भित्र नदिनालाहरुले पार्ने असरलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।

**४.७. विपद व्यवस्थापन, वारुण यन्त्र सञ्चालन**

- विपद सूचना दिएर आउँदैन, त्यसैले विपद् व्यवस्थापनका लागि यस नगरपालिको स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना LDRMP कार्यान्वयनमा सहकार्य तथा विपद व्यवस्थापन ऐन,२०७५ ले निर्देशन गरेका कार्यहरु सम्पन्न गरिने छ ।
- नगर प्रमुखको संयोजकत्वमा गठित नगर स्तरीय विपद व्यवस्थापन समितिले जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस सोसाइटी लगायत विपदको क्षेत्रमा कार्यरत निकायसँग समन्वय गरी आवश्यक कार्य गर्नेछ ।
- विपदको समयमा औषधीहरुको अभाव नहुने गरी पूर्व तयारी र व्यवस्था गरिनेछ ।
- विपद पूर्वतयारी प्रतिकार्य योजना अनुसार कार्यक्रमहरु संचालन गरिनेछ ।

- विपद प्रतिकार्यका लागि प्राथमिक उपचार खोज तथा उद्धार, सूचना समन्वय तथा पूर्व तयारी चेतवनी कार्यदलहरु गठन गर्ने ।
- समुदाय,विद्यालयहरुमा विपद व्यवस्थपन सम्बन्धि जनचेतना तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु संचालन गरिनेछ ।
- मानव बस्ती विद्यायलय तथा सार्वजनिक स्थलहरुमा क्षति कम गर्न जोखिम न्यूनिकरणका कार्ययोजना संचालन गरिनेछ ।
- विपदको समयमा अत्यावश्यक रगत संकलनका लागि रक्तदान केन्द्रलाई आवश्यक सहयोग गरिनेछ ।
- विभिन्न सरकारी गैह्रसरकारी निकायसँग सहकार्य गरी विपद व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ ।
- नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### ५.१. सामान्य सेवा

- नगरपालिका तथा वडा कार्यालयबाट सम्पादन हुने दैनिक तथा सामान्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने कागजातहरु, सम्पर्क व्यक्ति, लाग्ने राजश्व रकम र गुनासो सुन्ने अधिकारीको समेत स्पष्ट देखिने गरी सेवाग्राहीहरुको लागि नागरिक वडापत्र राखिनेछ ।
- नागरिक वडापत्रमा लेखिएका सेवा सुविधा कावु वाहिरको परिस्थितिमा वाहेक तोकिए बमोजिम उपलव्ध गराइने छ ।
- सेवा सहजीकरणका लागि डिजिटल नोटिस बोर्ड, मोवाइल एप, सहायता कक्ष, नगरपालिकाको वेभसाइट आदि व्यवस्थित र अद्यावधिक गरिने छ ।
- नगरपालिकाबाट प्रवाह गर्ने सेवाहरु सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा सञ्चालन गरिने छ ।
- विद्युतीय अवरोध भएको समयमा समेत सेवाग्राहीहरुलाई सेवा प्रदान गर्नका लागि सोलार एवं इन्भर्टर जडान गरि सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- चैनपुर नगरपालिकाले संचालनमा ल्याएको टोल फ्रि नं.१६६०२९४२००० मार्फत गुनासो सुन्ने र सल्लाह तथा सुझाव लिने प्रणालीलाई थप व्यवस्थित गरिने छ ।

### ५.२. मानव संसाधन विकास

- जनप्रतिनिधि, कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त विश्वानीय, क्षमतायुक्त र प्रभावकारी बनाउदै लागिने छ ।
- नगर तथा वडा स्तरीय योजनाहरु अनुगमनका लागि तालिम तथा कार्ययोजना सहितको नतिजामूलक अनुगमन प्रणाली अवलम्बन गरिने छ ।
- राजश्व तथा प्रशासन शाखालाई व्यवस्थित गरी कर्मचारीहरुलाई आवश्यकतानुसारको तालिम दिई सरल र सहज किसिमले राजश्व संकलन गरिने छ ।
- वातावरण तथा विपद व्यवस्थापन शाखाका प्राविधिक कर्मचारीहरुलाई आवश्यकतानुसारका यन्त्र औजारहरु खरिद गरी तालिम प्रदान गरिने छ ।

**५.३. सुरक्षा व्यवस्थापन**

- नगरपालिका कार्यालयको सुरक्षा व्यवस्थापनको लागि नगरपालिका भित्र सिसि क्यामरा जडान गरिने छ ।
- आन्तरिक श्रोत सुदृढ गरी नगर प्रहरीको व्यवस्था गरिने छ ।
- चैनपुर नगरपालिकाको स्वामित्वमा रहेको कारागार भवन निर्माणको लागि छुट्टयाईएको जग्गा जिल्ला कारागार शाखालाई स्वामित्व हस्तान्तरण गरि बन्दिगृह भवन निर्माणको लागि प्रकृया अगाडि बढाइनेछ ।

**५.४.पञ्जीकरण व्यवस्थापन**

- अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता कार्यलाई अझ व्यवस्थित गरिने छ ।
- पञ्जीकरणका कार्यहरुलाई घुम्ति सेवामार्फत टोल टोलमा पुऱ्याइने व्यवस्था गरिने छ ।
- पञ्जीकरण अभिलेखहरुलाई सुरक्षित राख्ने व्यवस्था मिलाइने छ ।

**५.५.स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

- नगरपालिकाको विभिन्न प्रयोजनकालागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गरि अद्यावधिक गरिनेछ अध्यावधिक तत्थ्याङकहरुलाई सूचना केन्द्रमा .व्यवस्थित गरि राखिनेछ ।
- नगरपालिका भित्रका सवै घरधुरीको विस्तृत रुपमा तथ्याङ्क राखिनेछ ।
- नगरपालिका भित्रका सवै उद्योग व्यवसाय, संघ संस्था, मठ मन्दिर, गुम्वा र धार्मिक पर्यटकीय स्थलहरुको रुट सहितको अभिलेख व्यवस्थित गरिने छ ।
- सार्वजनिक जग्गा, मठ मन्दिरहरु, दाहसंस्कार गरिने क्षेत्रहरु, पोखरी, गल्ली आदि तथ्याङ्क संकलन र अद्यावधिक गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ ।
- हाल तयार भएका विभिन्न शाखा फाँटका महत्वपूर्ण फायलहरु पञ्जिका वनाई दिर्घकालिन समय सम्म रहने गरि भण्डारण गरिने छ । कर्मचारीहरुको सरुवा रमाना हुदा वरवुझारथ गरेको अभिलेखलाई व्यवस्थित गरिने छ ।

## ५.६. सुशासन प्रवर्द्धन तथा सेवा प्रवाह

- जनताको समस्यालाई टोल बस्ती तहमा नै पुगी जनतालाई सेवा प्रदान गर्ने तथा जनताको गुनासो व्यवस्थापनका लागि **हेलो मेयर तथा मेयर एकिकृत घुम्ती सेवा कार्यक्रम** प्रभावकारी रुपमा संचालन गरिने छ।
- नगरपालिकालाई सुशाशन कायम राख्न भ्रष्टचारमा शून्य शहनशीलताको नीतितलाई अंगीकार गरिनेछ **।**
- गुनासो सुनुवाई, सूचना पाउने अधिकारको संरक्षण र सार्वजनिक सुनुवाईलाई विशेष प्राथमिकतामा राखिने छ।
- सेवाग्राहीलाई सहज छरितो र सुलभ सेवा पुराउन हाम्रो कर्तव्य हुनेछ।
- सुशासन प्रर्वद्धन एवं सेवा प्रवाहलाई व्यवस्थित गर्न टोल विकास गठन कार्यलाई अगाडि बढाइनेछ।
- नगरपालिकाको काम कारवाही र सूचनाहरु वेभसाइट, सूचनापाटी, पत्र पत्रिका, रेडियो कार्यक्रम र मोवाइल एप मार्फत समेत सार्वजनिक गरिने छ।
- प्रविधि मैत्री नगरको रुपमा परिचित गर्न नगरपालिका तथा वडा कार्यालयका सबै कामहरु विद्युतिय माध्यमबाट संचालन गरी पेपर लेस सेवामा जोड दिईनेछ।
- नगरपालिका वडा स्तरीय योजनाको अन्तिम फरफारक जेष्ठ मसान्त भन्दा पछि गरिने छैन। तर वडा अध्यक्षले विशेष कारण सहित निवेदन आएमा नगर प्रमुखले म्याद थप गर्न सकिने छ।
- जनतालाई सुशासनको अनुभुति दिलाउन ढिला, शुस्ति र झन्झट रहित सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन चैनपुर नगरपालिका स्थित सेवा प्रदायक निकाय संघसस्थासँग आवश्यकता अनुसार समिक्षात्मक वैठक गरी समस्याका बारेमा जानकारी लिने नीति लिइनेछ साथै सेवा प्रदायक सबै निकाय तथा संघ सस्थाहरुमा गुनासो पेटीका राख्ने व्यवस्था गरिनेछ।
- सम्बन्धित संघसस्थाहरुको नाममा जग्गा धनी प्रमाण पुर्जा नभएमा भवन निर्माणको लागि रकम विनियोजन नगर्ने निति लिइनेछ।
- चैनपुर नगरपालिकामा दर्ता गरेका 'घ' वर्गका निर्माण व्यवसायीहरुको फर्म दर्ता प्रक्रिया तथा नवीकरण सेवालाई थप प्रभावकारी बनाइने छ।

## ५.७. अनुसन्धान तथा विकास

- नगर क्षेत्र भित्र रहेको ऐतिहासिक पुरातात्विक महत्वका वस्तुहरुको खोज अनुसन्धानमा प्रोत्साहन गरिने छ।
- नगरपालिका भित्र कसैले नगरवासीको हित हुने खोज अनुसन्धानमूलक कार्य गरेमा कार्यपालिकाले निर्णय गरी विशेष सम्मान र प्रोत्साहन गरिने छ।
- खोज अनुशन्धान र रचनात्मक लेखहरुको संकलन गरी सूचना केन्द्रमा राखिनेछ।

### ५.८. विधेयक समिति

- नगरपालिकाले नयाँ निर्माण गर्नु पर्ने विभिन्न ऐन, नियमावली र कार्यविधिहरु विधेयक समिति मार्फत तयार गरिने छ ।
- अद्यावधिक गर्नु पर्ने ऐन नियमावली र कार्यविधिहरु विधेयक समिति मार्फत अद्यावधिक गरिने छ ।
- विधेयक तयारी तथा संशोधन प्रस्ताव तयार गर्दा आवश्यकतानुसार विज्ञ तथा कानूनी सल्लाहकारको सेवा लिइनेछ ।

### ५.९. न्यायिक समिति

- न्यायिक समितिबाट सम्पादन भएका कार्यहरु कम्प्युटर प्रणालीमा अभिलेख राखिनेछ ।
- न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी बनाउनका लागि इजलास स्थापना गरिने छ
- वडा स्तरमा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारी र सो समितिमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसारको तालिम दिइनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण गराइनेछ ।

### ५.१०.विभिन्न कोषहरुको स्थापना तथा कार्यविधिहरुको निर्माण

नगरपालिकामा **विपद व्यवस्थापन कोष, उद्यम विकास कोष, मर्मत सम्भार कोष र समपुरक कोष** स्थापना गरी छुट्टै कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।

### सभासद ज्यूहरु

अब म यस नीति तथा कार्यक्रम निर्माणका आधार तथा अगामी कार्य सम्पादनका केहि मार्गदर्शन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### मार्ग दर्शनहरु

१. जन सहभागितामुलक विकास निर्माण

२. पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व

३. छिटो छरितो सेवा प्रवाह

४. दिगो विकास

५. समावेशिता

६. सुशासन

**आदरणिय सभा सदस्यज्यूहरु**

हाम्रो समाजमा अहिलेको परिस्थितिमा समेत मानवका न्युनतम आधारभुत आवश्यताहरु परिपूर्ति नभएको अवस्था छ । मानिसलाई आर्थिक, सामाजिक, मानसिक क्षेत्रले पिरोलिरहेको अवस्था हाम्रो सामु जगजाहेर नै छ । यस्तो जटिल परिस्थितिबाट नगरबासीहरुले उन्मुक्ति पाउनको लागि तपाई हामीलाई जनप्रतिनिधीको रुपमा जनताले चुनेर पठाइसक्नुभएको छ । अब जनताको अमुल्य मतलाई मध्यनजर गरि जनताको खुसी र समृद्ध नगरको लागि हामी एक जुट भएर अगाडी बढनु आवश्यक छ । सुखी जनता र समृद्ध नगर बनाउनको लागि आवश्यक भनेको नीति तथा कार्यक्रम नै हो । र यसलाई सघाउने योजना निर्माण नै हुन । तसर्थ गम्भिर छलफल मार्फत सही योजना तर्जुमा छलफल एवं सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पुर्ण विश्वास लिएकोछु ।

अन्तमाः म यस चैनपुर नगरपालिकाको एघारौं सम्मानित नगर सभालाई जनप्रतिनिधिको हैसियतले सम्वोधन गर्ने मौका पाएको अवसरमा सम्पूर्ण नगरवासी आमा,वुवा,दाजु,भाइ तथा दिदि वहिनीहरु , राजनैतिक पार्टीका आदरणीय नेताहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्यूहरु, सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु, सञ्चारकर्मी ज्यूहरु, कर्मचारी तथा सुरक्षा कर्मी ज्यूहरु लगायत सम्पुर्णमा कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहान्छु ।

रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद